# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः -४ | मितिः- २०८२/०२/१० |
|---|---|---|


## भाग-२

### मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०२/०९**

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत सेवा, सुविधा र अवसरमा पहुँच पुऱ्याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिक हक, राज्यको नीति निर्देशक सिद्धान्तको रूपमा प्रत्याभूत गरेको साथै कुनै व्यक्ति दुर्घटनामा परी वा कालगतिले मृत्युवरण गरेमा निजको परिवार तथा संरक्षकलाई राहत पुऱ्याउने उद्देश्यले यस गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने परिवारका सदस्यको मृत्यु हुँदा विपन्नता भएका व्यक्तिलाई मृत्यु संस्कार खर्च उपलब्ध गराई गाउँपालिकाको सार्थक उपस्थिति सुनिश्चित गराउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

   (२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

   (३) यो कार्यविधि लिखु गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

2. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

   (क) "मृत्यु संस्कार" भन्नाले यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकको परिवारको कुनै सदस्यको मृत्यु भएपछि आफ्नो संस्कार अनुसार गर्ने अन्त्येष्टि वा काज किरियालाई सम्झनुपर्दछ ।

   (ख) "कार्यपालिका" भन्नाले लिखु गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

   (ग) "कार्यविधि" भन्नाले लिखु गाउँपालिकाको **मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्रसहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** लाई सम्झनु पर्दछ।

   (घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूलाई सम्झनु पर्दछ ।

(ङ) “विपन्नता भएको व्यक्ति” भन्नाले दुर्घटनामा परी वा कालगतिले मृत्युवरण गरेका मृतकको परिवारको सदस्य वा त्यस्ता मृतकको संरक्षकलाई सम्झनुपर्दछ ।

(च) “मृतक” भन्नाले दुर्घटनामा परी वा कालगतीले मृत्युवरण गरेका यस गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने गाउँपालिकावासी नागरिकलाई सम्झनुपर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले लिखु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ज) “उपाध्यक्ष” भन्नाले लिखु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) “मृतकको परिवार” भन्नाले मृतक व्यक्तिको पति, पत्नी, आमा बुबा, बाजे बज्यै, छोराछोरी, सासु ससुरा समेतलाई सम्झनुपर्दछ।

(ट) “काजकृया खर्च” भन्नाले मृतकको धार्मिक परम्परा अनुसार गरिने काजकृयामा गाउँपालिकाबाट वितरण हुने रकमलाई सम्झनु पर्दछ।

(ठ) “समवेदना पत्र” भन्नाले मृतक परिवारलाई गाउँपालिकाको तर्फबाट प्रदान गरिने पत्र सम्झनु पर्छ।

## परिच्छेद २
## उद्देश्य र क्षेत्र

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छन्,

(क) गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने परिवारका सदस्यको मृत्यु हुँदा विपन्नता भएको व्यक्तिलाई मृत्यु संस्कार खर्च उपलब्ध गराई तत्कालीन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ति गर्न र गलत सामाजिक अभ्यासहरू तथा कुरीतिहरूको अन्त्य गर्नु,

(ख) नेपाल सरकारद्वारा तोकिएको समयमै मृत्यु दर्ता गर्ने कार्यलाई प्रोत्साहन गर्दै व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउनु,

(ग) सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउँदै सामाजिक समानता र एकता कायम गर्नु,

(घ) मृतकको परिवारको शोकमा गाउँपालिका तथा राज्यको उपस्थितिको अनुभूति प्रदान गर्नु ।

**४. कार्यविधिको कार्यक्षेत्रः** यस कार्यविधिको कार्य क्षेत्र गाउँ सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम **मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रमको** कार्यान्वयनसँग सम्बन्धित हुनेछ ।

## परिच्छेद-३
## मृत्यु संस्कार खर्चसम्बन्धी व्यवस्था

**५. मृत्यु संस्कार खर्च रकम प्रदान गरिनेः** (१) गाउँपालिकाले कार्यविधि स्वीकृत भएको मितिदेखि गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने घर परिवारका सदस्यको दुर्घटना वा कालगतिले मृत्यु भएमा निजको परिवारका सदस्य वा

मृतकको हकवालालाई प्रति मृतक रु.५,००० ।०० (पाँच हजार रुपैयाँ) का दरले मृत्यु संस्कार खर्च काज किरिया अवधिमा नै उपलब्ध गराउनेछ ।

तर, गाउँपालिका भित्र अस्थायी बसोबास गर्ने व्यक्ति र परिवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(२) उपदफा १ बमोजिमको मृत्यु संस्कार रकम वडा कार्यालयमार्फत वितरण गरिनेछ । यस्तो रकम वितरण गर्दा सम्बन्धित वडा कार्यालयले अनुसुचि १ बमोजिमको समवेदना पत्र समेत तयार गरी मृत्यु संस्कार खर्च रकम र समवेदना पत्र मृतक परिवारलाई प्रदान गर्नुपर्नेछ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकामा स्थायी बसोबास नगरेका तर निसन्तान, वेवारिसे भई वा अन्य कुनै अवस्थाका कारण गाउँपालिकाको क्षेत्रभित्र कुनै संरक्षकको सहारामा रहेका व्यक्तिको मृत्यु भएमा व्यक्तिको मृत्यु संस्कारका लागि सहयोग गर्न सकिने छ । उक्त प्रयोजनका लागि संरक्षक रहेको सम्बन्धमा सम्बन्धित वडाको सिफारिस सहित पेश भएमा गाउँपालिका अध्यक्षले निर्णय गरी मृत्यु संस्कार खर्च उपलब्ध गराउन बाधा पर्ने छैन ।

**६. मृत्यु संस्कार खर्च बापतको रकम उपलब्ध गराउन लिइने आधार तथा आवश्यक कागजातहरूः**

(१) मृत्यु संस्कार खर्च रकम प्राप्त गर्नका लागि देहायका कागजातहरू कार्यालयसमक्ष पेस गरेको हुनु पर्नेछ,

(क) मृतक व्यक्तिको नागरिकता / जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) ३५ दिनभित्र गरिएको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) विपन्नता भएको व्यक्ति/हकवाला/संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) बसाइ सराई भई आएको हकमा बसाइसराई प्रमाणपत्र,

(ङ) मृत्यु संस्कार खर्च तथा समवेदना पत्र ग्रहण गरेको तस्वीरहरू ।

(२) कार्यविधि बमोजिम मृत्यु संस्कार खर्च प्राप्त गरेका विपन्नता भएका व्यक्तिले उपदफा (१) बमोजिमका कागजात ३५ दिनभित्र अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिम मृत्यु संस्कार खर्च वापतको रकम उपलब्ध गराउन सम्बन्धित वडाको सिफारिस वा प्रहरी मुचुल्का वा सदगद पूर्जी सहित पेस भएको हुनुपर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका र वडा कार्यालयले मृतकको परिवारले मृत्यु संस्कार खर्च बापतको रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने मृत्यु दर्ता मृतकको घरमै गई उपलब्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

**७. मृत्यु संस्कार खर्च बापतको रकम उपलब्ध गराउने कार्यविधिः** (१) दफा ५ बमोजिमको मृत्यु संस्कार खर्च बापतको रकम हस्तान्तरणका लागि मृतकको घर आँगनमा गाउँपालिका अध्यक्ष वा निजको प्रतिनिधि वा सम्बन्धित वडाका वडा अध्यक्षमार्फत अनुसूची- २ बमोजिमको भरपाई गरी मृत्यु भएको १५ दिन भित्र हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको मृत्यु संस्कार खर्चको अभिलेख अनुसूची ३ बमोजिम सुरक्षित राखुपर्नेछ ।

## परिच्छेद ४
## विविध

**८. प्रतिवेदन तथा खर्च सार्वजनिकीकरणः** (१) मृत्यु संस्कार खर्च हस्तान्तरण सम्बन्धमा महिला विकास शाखाले चौमासिक रूपमा प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकामा पेस भएको प्रतिवेदन कार्यालयको वेवसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ ।

**९. कार्यविधि विपरित गर्न नहुनेः** कार्यविधि विपरित लिखु क्षेत्र बाहिरका मृतकको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

**१०. दोहोरो पर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मृत्यु भई कार्यविधिका प्रावधान बमोजिम आर्थिक सहायता प्राप्त गरेका विपन्नता भएका व्यक्तिलाई दोहोरो पर्ने गरी मृत्यु संस्कार खर्च दिइने छैन ।

**११. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्धिविधा वा बाधा अड्काउ भएमा गाउँ कार्यपालिकाले सो दुविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ

**१२. बचाउः** मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**१३. खारेजीः** मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्रसहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० खारेज गरिएको छ ।

**अनुसूचि १**

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**समवेदना पत्रको ढाँचा**

**लिखु गाउँपालिका**

**लिखु गाउँ कार्यपालिकाको कार्यालय**

हार्दिक समवेदना

**अनुसूचि २**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**भरपाईको ढाँचा**

भरपाइ दादै लिखु गाउँपालिकाको मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा भएका प्रावधानको अधीनमा रही तपसिल अनुसार मृत्यु संस्कार खर्च बुझी भरपाईमा सहीछाप गरिदिएँ ।

| क्र.स. | मृतकको नाम, थर | ठेगाना | बुझिलिनेको नाम थर, ठेगाना र ना.प्र.प. | बुझिलिनेको हस्ताक्षर | मृत्यु संस्कार खर्च रकम | सम्पर्क नम्बर | बुझाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**अनुसूचि ३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**अभिलेखको ढाँचा**

लिखु गाउँपालिकाको मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा भएका प्रावधानको अधीनमा रही तपसिलका विपन्नता भएका व्यक्तिहरुलाई मृत्यु संस्कार खर्च उपलब्ध गराइएको छ।

| क्र.स. | मृतकको नाम, थर | ठेगाना | बुझिलिनेको नाम थर, ठेगाना र ना.प्र.प. | बुझिलिनेको हस्ताक्षर | मृत्यु संस्कार खर्च रकम | सम्पर्क नम्बर | बुझाउने | सिफारिस गर्ने वडा कार्यालय | बुझाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

तयार गर्ने:

प्रमाणित गर्ने:

कर्मचारीको नाम

पद:

शाखा:

आज्ञाले

अर्जुन कुमार राउत

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०२/१०